# ग्रामीण कर्जा (म्यादी जीवन) बीमा सम्झौता

२०७६ पौष ११गते नेपाल सेवा लघुवित्त बित्तीय संस्था एवं सुर्या लाईफ ईन्स्योरेन्स कम्पनी विच संस्थामा आवद्व ऋणीहरुको सुर्या ग्रामिण कर्जा जीबन वीमागर्नका लागी एक कार्यक्रम विच सम्झौता भएको छ ।

संस्थामा आवद्ध भई ऋण उपभोग गरेका सदस्यको मृत्यस भएमा वा दुर्घटना भई जीवन गुमाउनु परेमा वा अशक्त भएमा सदस्यको अर्थोपर्जनमा पर्न जाने प्र तिकूलतालाई न्यूनीकरण गर्न तथा ऋणीका परिवारलाई थप आर्थिक भारबाट जोगाउनको लागि यस कार्यक्रमले सघाउ पुऱ्याउने विश्वासका साथ संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री बसन्त बहादुर शाक्य र सुर्या लाईफ ईन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री शिव नाथ पाण्डेले सम्झौता हस्ताक्षर गर्नुभएको थियो । लघुवित्त वित्तीय संस्थाका प्रमुख ग्राहकहरु भनेको विपन्न एवं सीमान्तकृत वर्गका जनताहुने र कथंकदाचित विमित अवधिमा ऋणीको मृत्यु भएमा दुर्घटनामा परी पूरा वा आशिंक रुपमा अशक्त भएमा ऋणी सदस्यका एकाघर परिवारमा आर्थिकरुपमा समस्यामा पर्न सक्ने र सम्पूर्ण परिवार नै विचल्लीमा पर्ने अवस्थाबाट जोगाउन यस प्रकारको जीवन वीमाले सघाउ पुऱ्याउने विषयमा प्रमुख कार्यकारी अधिकृत द्वयले प्रष्ट्याउनु भएको थियो ।

सुर्या लाईफ ईन्स्योरेन्सको “सुर्या ग्रामिण कर्जा ( म्यादी जीवन) वीमा”ले विमितको मृत्यु भएमा वीमाङ्क रकमको शत प्रतिशत, दुर्घटना भै मृत्यु भएमा वा स्थायी रुपमा अशक्त भएमा वीमाङ्क रकमको २५० प्रतिशत सम्मको रकम विमितले पाउने र दुर्घटनाको कारण आंशिक अशक्त भएमा वीमाङ्क रकमको ५० प्रतिशतसम्मको रकम क्षतिपूर्ति वापत पाउने छन । साथै विमित सदस्यको मृत्यु भएमा वीमाङ्क रकमको ४० प्रतिशत वा रु २५ हजार मध्ये जुन कम हुन्छ सो रकम काज किरीया खर्च वापत परिवारलाई प्रदान गने ि सम्झौतामा उल्लेख रहेको छ ।